त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालय
परीक्षा नियन्त्रण महाशाखा, महाराजगंज

# प्रवीणता प्रमाणपत्र तह नर्सिङ (PCL Nursing) शैक्षिक कार्यक्रममा विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धी सूचना

यस अध्ययन संस्थान अन्तर्गतका नर्सिङ क्याम्पसहरूमा शैक्षिक वर्ष २०७५/०७६ का लागि लिइने प्रवीणता प्रमाणपत्र तहको नर्सिङ शैक्षिक कार्यक्रममा निम्नानुसार विद्यार्थी भर्नाको लागि प्रवेश परीक्षा संचालन गरिने भएकोले प्रवेश परीक्षामा सहभागी हुन इच्छुक परीक्षार्थीहरूबाट आवेदन आव्हान गरिएको छ । आवेदन फाराम मिति २०७५ आषाढ २४ गते बिहान १०:०० बजेदेखि श्रावण १८ गते शुक्रबार अपरान्ह ५:०० बजेभित्र आफू अध्ययन गर्न चाहेको क्याम्पस उल्लेख गरी Website: www.iom.edu.np मार्फत Online submission गर्न सूचित गरिन्छ । आवेदन दस्तुर मिति २०७५ आषाढ २४ गते आईतबार बिहान १०:०० बजेदेखि श्रावण १७ गते बिहिबार बैंकिङ समयभित्र बैंक दाखिला गरिसक्नु पर्नेछ । परीक्षार्थीहरूले आवेदन दस्तुर बापतको रकम यस अध्ययन संस्थानको "Entrance Exam TU IOM Dean Office" को नाममा, हिमालयन बैंक लिमिटेडको च.हि.नं. ००२००५५५७००५७ मा रु.२,५००।- (दुईहजार पाँचसय मात्र) जम्मा गरेको भौचर पनि Scan गरी Upload गर्नुपर्नेछ । भौचर नम्बर तल माथी भई आवेदन फाराम submit नभएमा त्यसको जिम्मेवारी यस अध्ययन संस्थानले लिने छैन । आवेदन फाराम submit गरिसकेपछि कुनै पनि विवरण सच्याउन पाइने छैन । Admit Card पनि आफैले Printout गरि लिनुपर्नेछ । Admit Card बिना अरु कुनै व्यवस्था हुने छैन । अध्ययन गर्न चाहेको क्याम्पस तथा आवेदकको नाम र फोटो फरक परी सच्याउनु परेमा आवेदन दिने अवधि भित्रै पुन: अर्को भौचर मार्फत आवेदन शुल्क बुझाई छुट्टै अर्को आवेदन फाराम Online submission गर्नुपर्नेछ र साथै नयाँ भौचर Scan गरि पुन: Upload गर्नुपर्नेछ । परीक्षार्थीहरूले बैंक दाखिला गरिसकेको परीक्षा दस्तुर फिर्ता गरिनेछैन । प्रवेश परीक्षा मिति २०७५ श्रावण २६ गते शनिबार बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म तोकिएका परीक्षा केन्द्रहरुमा संचालन हुनेछ ।

**आवश्यक न्यूनतम् योग्यता:** माध्यमिक शिक्षा परीक्षा (SEE) मा अंग्रेजी, गणित, विज्ञान वा स्वास्थ्य विज्ञान विषय लिई ग्रेड प्रणाली अन्तर्गत GPA 2 र माथि उल्लेखित प्रत्येक विषयमा कम्तिमा पनि D+ ल्याएको हुनु पर्नेछ । SLC उत्तीर्ण आवेदकको हकमा अंग्रेजी, गणित र विज्ञान वा स्वास्थ्य विज्ञान विषय लिई कूल पूर्णाङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण भएको हुनुपर्नेछ ।

परीक्षा केन्द्र (Examination Centre) सम्बन्धी जानकारी भित्र आफुले अध्ययन गर्न चाहेको क्याम्पसमा सम्पर्क गर्नुहुन वा Website: www.iom.edu.np मा हेर्नुहुन सूचित गरिन्छ । **साथै यसै शैक्षिक वर्ष देखि पोखरा नर्सिङ क्याम्पस, पोखरामा PCL Nursing Programme** हटाइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

१) क्याम्पस तथा विद्यार्थी भर्ना गर्न स्वीकृत सीट संख्या:

| क्र.सं. | क्याम्पस | सीट संख्या ४५ को वर्गीकरण | | | | | | | | स्टाफ [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | सहुलियत शुल्कीय | | पूर्ण शुल्कीय | | वि.वि. नियमानुसार सहुलियत शुल्कमा सीटको २० प्रतिशत आरक्षण | | |
| | | | | महिला | पुरुष | महिला | पुरुष | विवरण | महिला | |
| १. | नेपालगंज नर्सिङ क्याम्पस, नेपालगंज (कुल सीट ४५+१) | ३८ | ० | २४ | ४ | ८ | ३ | विपन्न महिला | १ | १ चि.वि. चि.शा.अ.सं.का कार्यरत शिक्षक/कर्मचारीका छोरी/छोराछोरी |
| | | | | | | | | विपन्न आदिवासी जनजाति | १ | |
| | | | | | | | | विपन्न मधेशी | १ | |
| | | | | | | | | विपन्न दलित | १ | |
| | | | | | | | | विपन्न अनाथ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | विपन्न पिछडिएको दुर्गम क्षेत्र | ० | [illegible] |
| | | | | | | | | विपन्न मुस्लिम | ० | |
| | | | | | | | | विपन्न थारु | १ | |
| | | | | | | | | विपन्न अन्य | ० | |
| | | | | | | | | जम्मा | ६ | |
| २ | बीरगंज नर्सिङ क्याम्पस, बीरगंज (कुल सीट ४५) | ३८ | ७ | २४ | ४ | ८ | ३ | विपन्न महिला | १ | |
| | | | | | | | | विपन्न आदिवासी जनजाति | १ | |
| | | | | | | | | विपन्न मधेशी | १ | |
| | | | | | | | | विपन्न दलित | १ | |
| | | | | | | | | विपन्न अपाङ्ग | १ | |
| | | | | | | | | विपन्न पिछडिएको दुर्गम क्षेत्र | ० | |
| | | | | | | | | विपन्न मुस्लिम | ० | |
| | | | | | | | | विपन्न थारु | १ | |
| | | | | | | | | विपन्न अन्य | ० | |
| | | | | | | | | जम्मा | ६ | |
| ३. | विराटनगर नर्सिङ क्याम्पस, विराटनगर (कुल सीट ४५) | ३८ | ७ | २४ | ४ | ८ | ३ | विपन्न महिला | १ | |
| | | | | | | | | विपन्न आदिवासी जनजाति | १ | |
| | | | | | | | | विपन्न मधेशी | १ | |
| | | | | | | | | विपन्न दलित | १ | |
| | | | | | | | | विपन्न अपाङ्ग | १ | |
| | | | | | | | | विपन्न पिछडिएको दुर्गम क्षेत्र | ० | |
| | | | | | | | | विपन्न मुस्लिम | ० | |
| | | | | | | | | विपन्न थारु | १ | |
| | | | | | | | | विपन्न अन्य | ० | |
| | | | | | | | | जम्मा | ६ | |

नोट :- १। नेपाल नर्सिङ काउन्सीलको प्रावधान अनुरुप १५ प्रतिशत सिट संख्या पुरुषहरूलाई छुट्याईएको ।
२। पुरुष उम्मेदवारहरुको लागि छुट्याईएको सिटहरु रिक्त रहन गएमा स्वत: महिला पूर्ण शुल्कीय तर्फ परिणत हुनेछ ।

२) आवेदन फाराम एक भन्दा बढी क्याम्पसका लागि भर्न पाइने छैन । सबै परीक्षा केन्द्रमा प्रवेश परीक्षा एकैदिन र एकै समयमा हुनेछ ।

३) प्रवेश परीक्षामा सोधिने विषय र विषयगत अङ्कभार:

| विषय | अङ्कभार |
|---|---|
| विज्ञान (Physics, Chemistry, Zoology, Botany) | ६० |
| गणित | १० |
| स्वास्थ्य सम्बन्धी सामान्य ज्ञान | १५ |
| अंग्रेजी | १५ |
| पूर्णाङ्क | १०० |

४) आवेदन (Online Form Submission) गर्ने समयावधि तथा शुल्क:

| | |
|---|---|
| आवेदन शुल्क: | रु.२,५००।- (अक्षरेपी दुईहजार पाँचसय मात्र) |
| बैंकको नाम: | हिमालयन बैंक लिमिटेड<br>(देश भरिको कुनैपनि शाखाबाट रकम दाखिला गर्न सकिने) |

(2) 2

| | |
|---|---|
| खाताको नाम: | "Entrance Exam TU IOM Dean Office" |
| खाता नं.: | ००२००५५५५७००५७ |
| बैंक दाखिला गर्ने समयावधि: | २०७५ आषाढ २४ गतेदेखि श्रावण १७ गते बैंकिङ समयभित्र |
| Online Form Submission गर्ने समयावधि: | २०७५ आषाढ २४ गतेदेखि श्रावण १८ गते बेलुकी ५:०० बजेसम्म मात्र |

बैंक दाखिला भईसकेको रकम कुनै पनि अवस्थामा फिर्ता गरिनेछैन । Online form भर्दा कुनै विवरण गलत भरिएमा तोकिएको समयावधि भित्रै पुन: अर्को बैंक भौचर मार्फत आवेदन शुल्क बुझाई फेरी अर्को आवेदन फाराम Online submission गर्नुपर्नेछ ।

५) Online Form Submission गर्ने विधि तथा निर्देशनहरू:

क) Online Form यस अध्ययन संस्थानको website:www.iom.edu.np मा उपलब्ध हुनेछ । सो आवेदन फाराम Online माध्यम मार्फत मात्र Submission गर्न सकिने छ ।

ख) तोकिएको समयावधि भित्र हिमालयन बैंक लिमिटेडको आफूलाई पायक पर्ने कुनै पनि शाखाबाट आवेदन शुल्क जम्मा गरी बैंक भौचर लिने, सो भौचरमा कारोबार नम्बर (Transaction No.)स्पष्ट भए/नभएको जाँच गर्ने र सो नभएमा स्पष्टसंग लेख्न लगाउने साथै, बैंक भौचरमा जम्मा कर्ता (Deposited By) मा आवेदकको नाम अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

ग) Online Form भर्नु पूर्व चाहिने आवश्यक कुराहरू:

- भौचरको कारोबार नम्बर (Transaction No.) (Last Five Digits)
- दस्तुर दाखिला गरेको बैंकको शाखा
- दस्तुर दाखिला गरेको नेपाली मिति
- बैंक भौचरको Scan प्रति
- हालसालै खिचिएको पासपोर्ट साईज फोटोको Scan प्रति

घ) Online Form को पहिलो पेजमा बैंकसंग सम्बन्धित विवरणहरू भर्नु पर्नेछ र सो विवरणहरू मिलेमा मात्र Form को दोस्रो पेज खुल्नेछ ।

ङ) दोस्रो पेज यस Online Form को मुख्य पेज हो । यो पेजमा आफुसंग सम्बन्धित विवरणहरू माग गरिए अनुसार भर्नु पर्नेछ । यो पेजमा फारामको सबैभन्दा माथि देखिएको Transaction No. संग आफ्नो बैंक भौचरको कारोबार नम्बर मिलेको छ/छैन हेर्ने र सो नम्बर मिलेमा त्यसपछि माग गरिएको विवरणहरु जस्तै, आफुले रोजेको क्याम्पस, आफ्नो व्यक्तिगत विवरण, ठेगाना, शैक्षिक योग्यता, आफ्नो परिचयपत्र (नागरिकता प्रमाणपत्र/नाबालक प्रमाणपत्र/SEE वा SLC को प्रवेशपत्र) तथा सोको नम्बर, Online मा तोकिएको साइज अनुसारको फोटो तथा भौचरको Scan प्रति Upload गरी सही रुपमा भर्ने ।

च) आफ्नो सबै विवरणहरु भरिसकेपछि पुन: माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको जाँच गरी Submit Button मा Click गर्ने र सो Button Click गरे पश्चात Confirmation Box आउछ र आफूले भरेको विवरण ठीक भएमा OK Button मा Click गर्ने अथवा ठीक नभएमा Cancel मा Click गर्ने र आफ्नो विवरण सही छ/छैन हेरी Submit Button मा Click गर्ने । Ok Button Click गरिसकेर Form Submit भए पश्चात कुनै पनि विवरण सच्याउन पाईने छैन । कोहिगरी Form Submit नभई Error आएमा, केहि विवरण भर्न छुटेको वा मागे अनुसारको विवरण नभएको हुन सक्छ र त्यस्तो ठाउंहरुमा रातो अक्षरले

दर्शाएको हुन्छ । सो विवरणहरु सच्याई पुन: माथिबाट सम्पूर्ण विवरणहरु एन्ट्री गरी Form Submit गर्नुपर्नेछ ।

छ) Form सफलतापूर्वक Submit भए पश्चात तेस्रो पेजमा प्रवेशपत्र (Admit Card) देखिनेछ र त्यसलाई Print गरी, यससँगै बैंक भौचर तथा आफूले विवरणमा उल्लेख गरेको पहिचानपत्र लिई तोकिएको परीक्षा केन्द्रमा तोकिएकै समयमा प्रवेश परीक्षा दिन जानु पर्नेछ ।

ज) कोहि गरी Form भरिसकेर प्रवेशपत्र त्यतीबेला Print नभएमा पछि पनि Print Admit Card मा Click गरी आफ्नो नाम, जन्म मिति तथा प्रोग्रामको विवरण भरी Print गर्न सकिनेछ ।

## आवेदन र प्रवेश परीक्षा सम्बन्धी निर्देशन:

१) आवेदनकर्ता नेपाली नागरिक हुनु पर्नेछ ।

२) आवेदन फाराम Online Submission गरिसकेपछि अनिवार्यरुपमा Admit Card आफैले Print out गरी लिनुपर्नेछ । Admit Card त्रि.वि चि.शा.अ.संस्थान डीनको कार्यालय, परीक्षा नियन्त्रण महाशाखा वा कुनै पनि नर्सिङ क्याम्पस वा परीक्षा केन्द्रबाट उपलब्ध हुनेछैन ।

३) प्रवेश परीक्षा २०७५ श्रावण २६ गते, शनिबार बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म सम्बन्धित क्याम्पसले तोकेको परीक्षा केन्द्रमा सञ्चालन हुनेछ । परीक्षा केन्द्र [Examination Centre] सम्बन्धी जानकारी आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा वा Website: www.iom.edu.np मा उपलब्ध हुनेछ । प्रवेश परीक्षा दिन आउँदा प्रवेश पत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ । साथै, परीक्षार्थीले फोटो सहितको परिचय खुल्ने कुनै एक परिचयपत्र (नागरिकता प्रमाणपत्र/नाबालक प्रमाणपत्र/SEE/SLC परीक्षाको प्रवेशपत्र/पासपोर्ट/सवारी चालक अनुमति पत्र) अनिवार्य रुपमा लिई आउनु पर्नेछ । अन्यथा प्रवेश परीक्षामा सहभागी हुन पाइनेछैन ।

४) प्रवेश परीक्षामा १०० वटा Multiple Choice Questions (MCQs) सोधिनेछ । प्रत्येक MCQ बराबर एक अङ्क हुनेछ । गलत उत्तरमा Negative Marking गरिने छैन । प्रत्येक MCQ मा निम्नानुसार चार Options हुनेछन्, जसमध्ये एक मात्र सही उत्तर हुनेछ । उत्तरपुस्तिका एउटै दिइनेछ जसमा प्रत्येक प्रश्नको लागि ४ वटा Bubble हुनेछ ।

जस्तै:

| A | B | C | D |
|---|---|---|---|
| ○ | ○ | ○ | ○ |

५) प्रवेश परीक्षा दिँदा परीक्षा केन्द्रबाट उपलब्ध गराईएको Black Gel Pen ले सफा र स्पष्टसँग उत्तरपुस्तिकामा भएको ४ वटा Option मध्ये आफुलाई सही लागेको एउटा Option को Bubble मा मात्र ● यसरी पुरै भर्नु पर्नेछ । Pencil ले लेखेको, केरमेट गरेको वा टिपेक्स लगाएको, एउटा भन्दा बढी Bubble मा भरेको उत्तरमा कुनै अङ्क दिइने छैन । Bubble मा अन्य किसिमको चिन्हहरु जस्तै ⊗ अथवा ⊘ मान्य हुनेछैन । सही नमूना तल दिइएको छ ।

**Example: Which one of the following insects transmits kala-azar?**

**A) Sandfly** **B) Mosquito**

**C) Housefly** **D) Butterfly**

| A | B | C | D |
|---|---|---|---|
| ● | ○ | ○ | ○ |

६) परीक्षार्थीहरूले परीक्षा हल भित्र Mobile,Calculator, Bluetooth, I-Pad, Tablet PC, Smart Watch, Earphone, Laptop जस्ता Electronics उपकरणहरूका साथै गरगहना, घडी र कलम समेत ल्याउन पाउने छैन । यदि साथमा राखेको पाइएमा परीक्षा हलबाट तुरुन्त निष्काशन गरिनेछ । प्रवेश परीक्षा शुरु भएपछि परीक्षार्थीले परीक्षा समाप्त नभएसम्म परीक्षा कोठाबाट बाहिर जान पाईनेछैन ।

७। परीक्षार्थीहरूले Power वाला बाहेक अन्य कुनै खालको चश्मा लगाउन पाईनेछैन । पावरवाला बाहेक अन्य चश्मा प्रयोग गरेको पाईएमा परीक्षा हलबाट निस्काशन गर्न सकिनेछ ।

८) प्रत्येक परीक्षार्थीहरूको सुरक्षा जांच गरिने हुंदा कुनै पनि किसिमको धातुले बनेको पदार्थ, बेल्ट इत्यादि पनि नलगाई आउनु पर्नेछ । शकास्पद परीक्षार्थीलाई परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अगाडि र पछि पनि कडा जांच गर्न सकिनेछ ।

९। नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा नतिजा प्रकाशन पूर्व, नतिजा प्रकाशन पश्चात् वा भर्ना भई अध्ययनरत अवस्थामा भए पनि भर्ना रद्द गरिनेछ । साथै, नक्कली परीक्षार्थी खडा गर्ने व्यक्ति र नक्कली परीक्षार्थी दुवैलाई त्रि.वि.नियमानुसार कारवाही गरिनेछ ।

१०। प्रत्येक क्याम्पसका आवेदकहरू मध्ये प्रवेश परीक्षामा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गर्नेहरू मध्येबाट उच्चतम अङ्क हासिल गर्ने परीक्षार्थीहरूको प्राथमिकताक्रम निर्धारण गरी उपलब्ध सीट संख्यामा भर्नाका लागि नतिजा प्रकाशित गरिनेछ ।

११। आरक्षित सीट सम्बन्धमा:

क।आरक्षित समूहको विभाजन एवं सिट संख्या निर्धारण त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ११ मा व्यवस्था भए अनुसार गरिएको छ ।

ख। कुनैपनि आरक्षित सिटमा भर्ना हुन चाहने परीक्षार्थीहरूले भर्ना हुने समयमा आफू सो समूहमा पर्ने स्पष्ट प्रमाण खुल्ने प्रमाणपत्रहरू पेश गर्नुपर्नेछ ।

ग।प्रवेश परीक्षाको नतिजा प्रकाशन सँगै सफल परीक्षार्थीहरू मध्येबाट आरक्षणमा भर्ना हुन चाहने परीक्षार्थीहरूको आवेदन माग गरिनेछ । प्राप्त आवेदनहरूका आधारमा त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरूमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम २०७४ अनुसार विपन्नता प्रमाणित हुने पर्याप्त आधार र कारण खुलेका उम्मेदवारहरूलाई योग्यता क्रमका आधारमा भर्नाको लागि छनौट गरिनेछ ।

१२। आवेदन फाराम भर्ने अन्तिम मिति सम्ममा त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानमा अटुट रुपमा ७ वर्ष सेवा गरेका र स्थायी भएका शिक्षक/कर्मचारीहरूका छोरी/छोराहरूको लागि प्रवीणता प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको लागि नेपालगञ्ज नर्सिङ क्याम्पस, नेपालगंजमा छुट्याइएको एक सीटमा छनौटको लागि सम्बन्धित शिक्षक/कर्मचारीले आवेदक आफ्नो छोरी/छोरा भएको आधिकारिक पत्र तथा आफु अटुट रुपले ७ वर्ष सेवा गरेको पत्र कार्यरत संस्थाबाट लिई नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित निवेदन अनिवार्य रुपले बुझाउनु पर्नेछ । सो आवेदनको लागि परीक्षाफल प्रकाशित गर्दा मिति तोकिने छ । उक्त स्टाफ सीटमा छोरीहरु दावेदार नभएको खण्डमा मात्र छोराहरूले दावी गर्न पाउनेछन् ।

(5)

१३) सफल परीक्षार्थीहरुले भर्ना हुँदा लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र/नाबालकको प्रमाणपत्र वा SEE/SLC परीक्षाको प्रवेश पत्र, विदेशी शिक्षण संस्थाबाट उत्तीर्ण गर्नेले बोर्डको प्रमाणपत्र र समानतार निर्धारणपत्र सक्कली र उक्त प्रमाणपत्रहरुको १/१ प्रति फोटोकपी समेत पेश गर्नु पर्नेछ । साथै, भर्नाको समयमा निरोगिताको प्रमाणपत्र पनि पेश गर्नु पर्नेछ ।

१४) कुनै एक क्याम्पसमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीले सोही क्याम्पसमा नै सम्पुर्ण पाठ्यांशको अध्ययन पुरा गरी अन्तिम परीक्षा समेत दिनु पर्नेछ । सो बीचमा अन्य क्याम्पसमा स्थानान्तरण गरिने छैन ।

१५) कुनै क्याम्पसमा कारणवश आरक्षित/स्टाफ सीट खाली हुन गएमा उक्त सीटलाई सहुलियत शुल्किय सीटमा परिणत गरी भर्ना गरिनेछ । साथै, सहुलियत शुल्किय सीट खालि हुन गएमा उक्त सीट स्वत: पुर्ण शुल्किय सीटमा परिवर्तन हुनेछ । यदि कुनै कारणवस कुनै पनि क्याम्पसमा पूर्ण शुल्किय सीट पनि रिक्त हुन आएमा अर्को क्याम्पसका सफल परीक्षार्थीहरु मध्येबाट योग्यताक्रमको आधारमा भर्ना गर्न सकिनेछ ।

१६) चिकित्सा शास्त्र अध्ययन संस्थानको कुनै पनि तहको कुनै पनि कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुले सो कार्यक्रमको अध्ययन पुरा नगरी यस अध्ययन संस्थानको कुनै पनि क्याम्पसको अन्य कुनै पनि कार्यक्रमका लागि प्रवेश परीक्षामा सामेल हुन पाउने छैनन् ।

१७) उम्मेदवारले दिएको विवरण झुठो ठहरिएमा भर्ना भइसके पछि पनि निजको भर्ना रद्द गरिनेछ ।

१८) मिति २०७५ भाद्र ७ गते बिहिबारदेखि कक्षा सञ्चालन हुनेछ ।

१९) प्रवेश परीक्षा सम्बन्धी अन्य जानकारीहरु Website: www.iom.edu.np मा उपलब्ध हुनेछ ।

२०) प्रवेश परीक्षा सम्बन्धी सम्पूर्ण अधिकार प्रवेश परीक्षा संभालक समितिमा निहित रहनेछ ।

मिति: २०७५ आषाढ २२ गते ।

अध्यक्ष

प्रवीणता प्रमाणपत्र तह प्रवेश परीक्षा सञ्चालक समिति २०७५/०७६

मिति: २०७५ साल आषाढ २२ ।